नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

संगठन विकास शाखा

सिंहदरवार, काठमाडौं ।

प.सं.०७९/०८०

चलानी संख्या: २६०

मिति २०७९।०४।२२

विषय: खाका पेश गर्ने सम्बन्धमा।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय सवै,

आर्थिक बर्ष २०७९/८० को वजेट वक्तव्यको बुँदा नं. ३६६ ले "सङ्घीयता कार्यान्वयनको पाँचबर्षको अभ्यासको आधारमा संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक पुर्नसंचरना गर्न एक उच्चस्तरीय आयोग गठन गरिनेछ" र सोही वक्तव्यको बुँदा नं. ३७९ मा "सरकारी निकायका संगठन संरचना र दरवन्दीको पुनरावलोकन गरिनेछ । सङ्घीय निजामती सेवा तथा अन्य सरकारी सेवाका कम्तीमा १० (दश) प्रतिशत दरवन्दी कटौती गरिनेछ । निजामती तथा सुरक्षा निकायमा प्राविधिक र अत्यावश्यक बाहेकका नयाँ दरवन्दी थप गरिने छैन" भन्ने उल्लेख भएको ।

वजेटमा व्यवस्था भए बमोजिमको कार्य सम्पादनका लागि प्रशासनिक पुर्नसंरचना उच्चस्तरीय आयोग गठन गरी कार्य प्रक्रिया अगाडि बढ्ने क्रममा रहेको सन्दर्भमा तहाँ मन्त्रालय र अन्तर्गतको दरवन्दी संरचनामा कम्तिमा १० प्रतिशत कटौती गर्ने गरी आवश्यक खाका तयार गरी १५ दिन भित्र यस मन्त्रालयमा पेश गर्नुहुन यस मन्त्रालयको (सचिवस्तर) मिति २०७९/०४/२२ को निर्णयानुसार अनुरोध छ । साथै प्रतिवेदनको खाका (Soft Copy) देहाय बमोजिमको ईमेल ठेगानामा समेत पठाइदिनुहुनको लागि अनुरोध छ ।

**ईमेल ठेगाना:** org.dev.section@mofaga.gov.np

✓ श्री सूचना प्रविधि शाखा: *Website मा upload गरिदिनुहुन ।*

२०७९/०४/२२

(हरि नारायण शर्मा)

शाखा अधिकृत